# पाठ्यसामग्री मूल्याङ्कनको आधार, २०८१

*सन्दर्भ*

*पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृति भएका पाठ्यसामग्री मात्र विद्यालयमा प्रयोगमा ल्याउनुपर्ने कानुनी प्रावधान विद्यमान रहेको छ । यही व्यवस्था कार्यान्वयनका लागि पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७९ बमोजिम विद्यालयहरूमा प्रयोग हुने थप पाठ्यसामग्रीको स्वीकृति दिँदै आएको छ । पाठ्यक्रम विकास केन्द्रमा स्वीकृतिको लागि पेस हुने पाठ्यसामग्रीहरूको मूल्याङ्कनमा एकरूपता कायम गरी पाठ्यसामग्रीलाई स्तरीय र कार्यान्वयन योग्य बनाउन पाठ्यसामग्री मूल्याङ्कनको आधार तयार गर्न आवश्यक भएकाले पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७९ को दफा २५ को उपदफा ७ बमोजिम पाठ्यसामग्री मूल्याङ्कनको आधार, २०८१ तयार गरिएको हो ।*

# विषयसूची


| क्र. सं. | विषयवस्तु | पेज नं |
|---|---|---|
| १. | परिभाषा | १ |
| २. | उद्देश्य | २ |
| ३. | पाठ्यसामग्री लेखनका आधारहरूको पालना | ३ |
| ४. | विषयवस्तु छनोटः | ४ |
| ५. | पाठ्यसामग्रीको पाण्डुलिपि विकासः | ५ |
| ६. | भाषा तथा विषयवस्तु सम्पादन | ९ |
| ७. | **Typesetting** | १० |
| ८. | **Graphic Design and Layout** | १० |
| ९. | विषय विशिष्टीकृत विषयवस्तुहरू | १० |
| १०. | पाठ्यसामग्रीका प्रारम्भिक पृष्ठहरू | ११ |
| ११. | पाठ्यसामग्रीको ढाँचा, साइज र पृष्ठ सङ्ख्या | ११ |

अनुसूची -१

पाठ्यसामग्री मूल्याङ्कन फाराम

## परिच्छेद १

### परिभाषा

१. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आधारमा,

(क) **"आधार"** भन्नाले विद्यालय तहको पाठ्यसामग्री मूल्याङ्कन गर्न तयार गरिएको आधार सम्झनुपर्छ ।

(ख) **"केन्द्र"** भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतको पाठ्यक्रम विकास केन्द्र सम्झनुपर्छ ।

(ग) **"पाठ्यसामग्री"** भन्नाले सक्षमता र सिकाइ उपलब्धि हासिल गर्न उपयोगी हुने गरी तयार गरिएका सामग्री सम्झनुपर्छ र सो शब्दले शैक्षणिक सन्दर्भ सामग्री तथा डिजिटल प्रकृतिका अनलाइन र अफलाइन पाठ्यसामग्रीलाई समेत जनाउँछ ।

(घ) **"पाण्डुलिपि"** भन्नाले लेखक वा लेखक समूहद्वारा तयार पारिएको हस्तलिखित वा टङ्कण गरी तयार पारिएको मस्यौदा सम्झनुपर्छ ।

## परिच्छेद २

### उद्देश्य

१. यो आधार जारी गर्नुका उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

(क) पाठ्यक्रमअनुसार स्तरीय पाठ्यसामग्री विकास भएको सुनिश्चित गर्ने आधार तयार गर्नु

(ख) पाठ्यसामग्री राष्ट्रियता राष्ट्रहित विविधता अनुकूलता भएको यकिन गरी तिनमा गुणस्तरीयता र एकरूपता कायम गर्नु

(ग) गुणस्तरीय शिक्षाको सुनिश्चितता, पहुँच र समता कायम गर्न सहयोग पुऱ्याउनु

(घ) शिक्षाका उद्देश्य र सिकाइ उपलब्धि तथा सक्षमताहरू प्राप्त गर्न सहयोग पुऱ्याउनु

(ङ) शिक्षण सिकाइ कार्यकलाप कक्षागत र तहगत सक्षमता र उद्देश्यमा आधारित भई सञ्चालन गर्न मद्दत पुऱ्याउनु

(च) विकसित पाठ्यसामग्री केन्द्रबाट निर्धारित सम्पादन तथा प्रकाशन शैलीअनुसार भएको यकिन गर्नु

(छ) पाठ्यसामग्रीको मूल्याङ्कन प्रक्रिया वस्तुगत र विश्वसनीय बनाउन सहयोग पुऱ्याउनु

# परिच्छेद ३

## पाठ्यसामग्री लेखनका आधारहरूको पालना

पाठ्यक्रममा निर्धारण गरिएका उद्देश्य र सक्षमता पूरा गर्नका लागि विभिन्न शैक्षिक क्रियाकलाप र पाठ्यसामग्री पूरक हुने भए तापनि हाम्रो परिवेशमा सिकाइ उपलब्धि हासिल गर्न पाठ्यसामग्री मुख्य रूपमा प्रयोगमा रहेको पाइन्छ ।तसर्थ पाठ्यसामग्री सिकारूमैत्री र गुणस्तरीय बनाउनुपर्ने हुन्छ । यस परिच्छेदमा उल्लेख भएका आधारहरूमा पाठ्यसामग्री मूल्याङ्कनका लागि वस्तुनिष्ठ र मापनीय सूचकहरूसहित अनुसूची १ मा मूल्याङ्कन फाराम राखिएको छ । पाठ्यसामग्रीको मूल्याङ्कन गर्दा प्रभावकारिता, सान्दर्भिकता, नीतिगतता र उपयोगिता जस्ता सैद्धान्तिक अवधारणालाई आत्मसात् गरिनुपर्छ ।

१. **प्रभावकारिता (Effectiveness) :** पाठ्यसामग्रीलाई रुचिकर र आकर्षित बनाई विद्यार्थीको ज्ञान, सिप र व्यावहारिक क्षमताको विकास गर्ने तथा प्रस्तुतीकरणमा सहयोग गर्ने हुनुपर्छ । यसमा प्रश्नोत्तर, व्याख्या, विश्लेषण, उदाहरण, प्रयोगात्मक अभ्यासहरू र गरेर सिक्ने (Learning by doing) सिकाइ विधिहरू प्रयोग गर्न सकिने अवसरहरू समावेश गर्नुपर्छ।

२. **सान्दर्भिकता (Relevance):** पाठ्यसामग्रीले विद्यार्थीका जीवनमा, व्यावसायिक क्षेत्रमा र सामान्य ज्ञानको विकासमा कतै न कतै योगदान गर्न सक्ने हुनुपर्छ ।पाठ्यसामग्रीले नेपाली भाषा, सामाजिक मूल्य मान्यता, व्यावहारिक प्रयोगात्मक अनुभव, व्यावसायिक सिप, विज्ञान र प्रविधिको क्षेत्रमा योगदान गर्नुपर्छ।

३. **नीतिगत (Policy):** पाठ्यसामग्रीले समानुभूति, न्यायिक, सच्चाइ, समानता र समावेशीकरणको सक्षमता बढाउनुपर्छ। यसले राष्ट्रियता, सङ्घीयता, सामाजिक न्याय, लैङ्गिक समता, नैतिकता र वातावरणीय सजगता अभिवृद्धि गराउन सक्नुपर्छ।

४. **उपयोगिता (utility):** पाठ्यसामग्रीले विद्यार्थीमा आफ्नो ज्ञान र सिपलाई विकास गरी व्यावसायिक क्षेत्रमा प्रयोग गर्न सक्ने योग्यता बढाउनुपर्छ। साथै यसले

व्यावसायिक क्षमता, समस्या समाधान, विचार विमर्श, व्यावहारिक अनुभव, उद्यमशीलता गर्न सक्ने योग्यता प्रदान गर्नुपर्छ ।

पाठ्यसामग्री मूल्याङ्कन गर्दा गराउँदा पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको पाठ्यसामग्री लेखनका आधारहरूको परिपालना गरी पाठ्यसामग्री तयार गरिएको यकिन गर्दै मुख्य रूपमा देहायबमोजिका आधार अपनाउनुपर्ने छ ।

(१) विषयवस्तु छनोट

(क) पाठ्यसामग्री निर्माण गर्दा पाठ्यक्रम र राष्ट्रिय पाठ्यक्रम प्रारूपले अवलम्बन गरेका आधारभूत दर्शन र सिद्धान्तमा आधारित भई विषयवस्तु छनोट, लेखन र प्रतुतीकरण गर्नुपर्ने छ ।

(ख) बालबालिकाको उमेर बौद्धिक क्षमता र रुचिअनुसार पाठ्यवस्तु लेखन गर्नु पर्ने छ।

(ग) पाठ्यवस्तु लेखन गर्दा सिकाइका चरण (Learning Ladder) लाई ध्यान दिएको हुनुपर्ने छ ।

(घ) सम्बन्धित पाठ्यक्रमबाट निर्धारित सक्षमता वा सिकाइ उपलब्धि पूरा हुने गरी अवधारणा र क्रियाकलापहरू प्रस्तुत गरेको हुनुपर्ने छ ।

(ङ) क्रियाकलाप र उदाहरणहरू छनोट गर्दा सकेसम्म स्वदेशी एवम स्थानीय विषयवस्तुलाई प्राथमिकता दिनुपर्ने छ ।

(च) विषयवस्तु छनोट गर्दा पाठ्यक्रमले निर्धारण गरेको क्षेत्र, क्रम तथा विषयवस्तुको विस्तृतीकरणअनुसार विषयवस्तु प्रष्ट तोकिएको हकमा सोही विषयवस्तुमा र नतोकिएको हकमा सम्बन्धित पाठ्यक्रममा उल्लेख भएको सक्षमता र सिकाइ उपलब्धिका आधारमा हुनुपर्ने छ ।

(छ) विषयवस्तु छनोट गर्दा कक्षा र उमेर समूहअनुसार विद्यार्थीले जानेका, जान्नुपर्ने र जान्न आवश्यक हुने विषयवस्तुहरूको संयोजन हुने गरी छनोट गर्नुपर्ने छ ।

(ज) कक्षा र विषयअनुसार परियोजना कार्य तथा पर्याप्त क्रियाकलापहरूको व्यवस्था गरेको हुनुपर्ने छ ।

(झ) विषयवस्तुमा पाठ लेखन गर्दा जातीय, क्षेत्रीय, लैङ्गिक समता र समावेशिता कायम गरेको हुनुपर्ने छ ।

(ज) विषयको प्रकृतिअनुसार सामाजिक, भौगोलिक, सांस्कृतिक,भाषिक विषयवस्तुहरूलाई सन्तुलित ढङ्गले प्रस्तुत गरेको हुनुपर्ने छ ।

(ट) विषयवस्तु लेखन गर्दा तथ्यमा आधारित आधिकारिक विषयवस्तु मात्र उल्लेख गरेको हुनुपर्ने छ ।विषयवस्तु वा क्रियाकलाप पाठ्यक्रमले तोकेको समयसीमाभित्र कार्यान्वयन गर्न सकिने हुनुपर्ने छ ।

(ठ) विषयवस्तु प्रस्तुत गर्दा सिकाइका सिद्धान्तमा (सरलबाट जटिल, ज्ञातबाट अज्ञात, मूर्तबाट अमूर्त र विद्यार्थीको सिकाइ अनुभवमा आधारित हुनुपर्ने छ ।

(ड) पाठ्यवस्तु लेखन गर्दा सामाजिक, धार्मिक, क्षेत्रीयता, जातिगत, लैङ्गिक, अपाङ्गता, राष्ट्र, राष्ट्रियता र अन्तराष्ट्रिय सम्बन्धमा खलल पुऱ्याउने खालका पाठ्यवस्तु वा भाव राख्नु हुँदैन ।

(ढ) पाठको अन्त्यमा आवश्यकताअनुसार नयाँ शब्दको शब्दार्थ उल्लेख गर्न सकिने छ।

(ण) बालमैत्री सिकाइका लागि पाठमा समावेश गरिने विभिन्न अभ्यास, क्रियाकलाप तथा परियोजना कार्यहरू विद्यार्थीको सिर्जनशीलता, सहकार्य, समालोचनात्मक सिप तथा जीवनोपयोगी सिप, उद्यमशीलता र मूल्य जस्ता सक्षमताहरूको विकास गर्न सक्ने खालको हुनुपर्ने छ ।

(त) पाठको अन्त्यमा सक्षमतामा आधारित सिकाइ उपलब्धि मापन गर्न सकिने सबै प्रकार र तहका प्रश्नहरू समावेश गरिएको अभ्यास समावेश गरेको हुनुपर्ने छ ।

(थ) प्रतिलिपि अधिकार लाग्ने विषयवस्तु चित्र वा अन्य पक्ष कहीं कतैबाट सन्दर्भ उल्लेखविना वा अनुमति नलिई प्रयोग नगरिएको हुनुपर्ने छ ।

## २. पाठ्यसामग्रीको पाण्डुलिपि विकास

पाठ्यसामग्रीको पाण्डुलिपि तयार गर्दा निम्नानुसारका क्षेत्रमा देहायबमोजिमका आधारअनुसार गर्नुपर्ने छ :

### (क) भाषा तथा शब्दको चयन :

१. भाषा विज्ञानको सिद्धान्तअनुसार विद्यार्थीको उमेर तथा कक्षास्तरअनुसार भाषाको चयन गर्नुपर्छ ।आवश्यक वा तोकिएको सन्दर्भ बाहेकमा कथ्यमा भन्दा लेख्य वा मानक भाषामा प्रयोग भएका शब्दलाई जोड दिनुपर्ने छ।

२. आधारभूत तहको प्रारम्भिक कक्षाहरूमा घरमा प्रयोग गरिने भाषा प्रयोग गर्नु उपयुक्त हुने भएकाले शब्दहरूको चयन गर्दा विद्यार्थीको उमेर र स्तरअनुसार स्थानीय परिवेशमा प्रयोग भएका परिचित शब्दहरूको प्रयोग गर्नुपर्ने छ ।

३. शब्द चयन गर्दा भाषा शिक्षणको सैद्धान्तिक अवधारणाअनुसार सरलबाट जटिलको क्रममा प्रारम्भिक कक्षादेखि माथिल्ला कक्षाहरूमा क्रमशः सिक्न सक्ने गरी शब्दहरूको चयन गर्नुपर्ने छ। यस क्रममा केन्द्रबाट प्रकाशित सम्पादन तथा प्रकाशन शैलीलाई अनुसरण गर्नुपर्ने छ ।

४. कुनै नयाँ तथ्य, अवधारणा, तर्क, निष्कर्ष आदिको बारेमा ज्ञान दिन नयाँ शब्दहरू तथा परिभाषित शब्दहरूको प्रयोग गर्दा उपयुक्त व्याख्या, उदाहरण तथा चित्राङ्कनको उचित प्रयोग गर्नुपर्ने छ ।

५. नयाँ शब्दहरू प्रयोग गर्दा शब्दभण्डार बढाउने मात्र नभई सिकाइ प्रक्रियालाई सहयोग गर्ने हुनुपर्छ ।

(ख) पठन बोध

पठन बोध अर्थपूर्ण सिकाइको एक महत्त्वपूर्ण अङ्ग हो । पठन बोध क्षमताले शब्द, वाक्य तथा अनुच्छेद कति छिटो पढ्न तथा बुझ्न सक्छन् भन्ने जानकारी दिनुका साथै पढाइ सिपको कुशलता अभिव्यक्त गर्छ । सिकाइ सिद्धान्तअनुसार विद्यार्थीको पठनबोध क्षमता उमेरअनुसार फरक फरक हुन्छ । तसर्थ पाण्डुलिपि विकास गर्दा देहायअनुसार हुने गरी वाक्य तथा अनुच्छेदमा विषयवस्तु प्रस्तुत गर्नुपर्छ ।

१. विद्यालयस्तरीय पाठ्यसामग्रीमा लामा वाक्यहरू भन्दा कम अक्षरले बनेका शब्दहरू भएको छोटो वाक्य प्रयोग गर्नुपर्छ ।

२. विद्यालय तहमा बोध क्षमताको विकासका लागि छोटा अनुच्छेद उपयुक्त मानिन्छ ।

३. पाठ्यवस्तु प्रस्तुत गर्दा सिकाइको लम्बीय (vertical) र समतलीय (Horizontal) सम्बन्धलाई ख्याल गर्नुपर्ने छ ।

४. पाठ्यक्रम विकास केन्द्रको अभ्यासअनुसार पाठ्यवस्तु (पाठ) लेखन गर्दा निम्नानुसारको फन्ट साइज प्रयोग गर्नुपर्ने छ :

| कक्षा | फन्ट साइज पोइन्ट | |
|---|---|---|
| | नेपाली | अङ्ग्रेजी |
| १ | २४ | १८ |
| २ | २४ | १८ |
| ३ | २० | १८ |
| ४ | २० | १८ |
| ५ | १८ | १६ |
| ६ | १८ | १६ |
| ७ | १६ | १४ |
| ८ | १६ | १४ |
| ९ | १६ | १४ |
| १० | १६ | १४ |
| ११ | १४ | १२ |
| १२ | १४ | १२ |

ग) पाण्डुलिपिको ढाँचा **( Format of manuscript )**

पाण्डुलिपिको ढाँचा केन्द्रको सम्पादन तथा प्रकाशन शैलीले तोकेअनुसार हुनुपर्ने छ ।

(घ) चित्राङ्कन (**Illustration**)

१. चित्रको छनोट गर्दा पाठसँग सान्दर्भिक र उपयुक्त साइजको छनोट गर्नुपर्छ।

२. चित्रसँगै कक्षाको स्तरअनुसार चित्रको वर्णन (Caption) पनि राख्नुपर्छ । चित्र वर्णन सरल, प्रभावकारी र पूर्ण हुनुपर्छ ।

३. चित्र तथा तालिका सङ्ख्या उल्लेख गर्दा निम्नानुसार राख्नुपर्छ :

**i.** चित्र नं. १.१, १.२, १.३,...

**ii.** तालिका नं. १.१, १.२, १.३,...

iii. पाठ र चित्र प्रयोग भएका सामग्रीका पृष्ठमा चित्रसँगै पाठ्यांश पनि राख्नुपर्छ ।

iv. स्रोत उल्लेख नगरि डाउनलोड गरेको चित्र प्रयोग गर्न पाइने छैन।

v. विज्ञान र गणित विषयका पाठ्यसामग्रीमा वास्तविक चित्र ( Real figure ) राख्नुपर्ने छ ।

**(ङ) पाठशीर्षक, उपशीर्षक तथा अन्य पाठ्यांशका महत्त्वपूर्ण अङ्गहरू**

१. पाठ्यसामग्रीमा सिकाइ प्रगति (Learning Progress)अनुसार एकाइ, पाठशीर्षक, उपशीर्षक तथा अन्य शीर्षक आदिलाई छुट्याउन देहायअनुसार अङ्क, अक्षर र क्रममा राख्नुपर्छ :

१. शीर्षक

१.१ उपशीर्षक

(क) उपउपशीर्षक

(अ) अन्य शीर्षक र

।बुँदाहरू आदि

तर सङ्केत चिह्न (बुलेट) को प्रयोग सकभर कम गरेको हुनुपर्ने छ ।

२. पाठ्यांशभित्र उल्लेख गरिएको महत्त्वपूर्ण शब्द, परिभाषा आदिलाई Distinct बनाउन विभिन्न Typographical साधनहरू जस्तैः Font Type, Size र Colour आदिको प्रयोग गर्न सकिने छ ।

**(च ) एकरूपता ( Consistency)**

पाण्डुलिपि विकास गर्ने क्रममा पाठ्यपुस्तकमा राखिने एकाइ तथा पाठहरूमा विषयवस्तुको रखाइ (Content Arrangement), शब्दहरूको चयन, वाक्य तथा अनुच्छेदको लम्बाइ, चित्रहरूको संयोजन, Font Style तथा Font Size र विषयवस्तुको प्रस्तुति आदिमा एकरूपता भएको हुनुपर्ने छ ।

(३) भाषा तथा विषयवस्तु सम्पादन

(१) भाषा तथा विषयवस्तु सम्पादन गर्दा देहायअनुसार गर्नुपर्ने छ :

(क) शब्द , शब्दार्थ, अनुच्छेद उमेरसमूहअनुसार स्पष्ट, सहज, सरल (Smooth) र पठनीय भएको यकिन गर्नुपर्ने छ ।

(ख) लेखन प्रस्तुतिको प्रवाह, पठन सामग्रीको क्रम ढाँचा, प्रकाशन शैलीको प्रयोगमा एकरूपता (Consistency) तथा पठन सामग्रीहरूको आन्तरिक एकरूपता (विभिन्न एकाइ तथा पाठहरूमा विभिन्न सन्दर्भमा प्रयोग भएका शब्द तथा वाक्यहरूको अर्थमा एकरूपता) भएको यकिन गर्नुपर्ने छ ।

(ग) विषयसूची र एकाइ तथा विषयबिचको तादात्म्यता भएको यकिन गर्नुपर्ने छ।

(घ) विषयवस्तु छुटेको दोहोरिएको तथा लम्बीय र क्षितिजीय सन्तुलन भएको यकिन गर्नुपर्ने छ ।

(ङ) व्याकरण तथा हिज्जे Spelling शुद्धीकरण र Font Size, Spacing, Indentation, पाठ शीर्षक Level, Punctuation हरूमा एकरूपता भएको यकिन गर्नुपर्ने छ ।

(च) पाठ्यसामग्रीमा विद्यार्थी अल्मलिने, बहु अर्थ लाग्ने र अस्पष्ट हुने शब्द, वाक्य तथा अनुच्छेदहरूको प्रयोग भएमा सच्याउनुपर्ने छ ।

(छ) पाठ्यक्रमले निर्धारण गरेको शिक्षण समयअनुसार पाठको लम्बाइ भएको यकिन गर्नुपर्ने छ ।

(ज) पाठ्यसामग्रीको लेखनमा विविधताको सम्बोधन देहायअनुसार भएको हेर्ने

i. परम्परागत भूमिकाहरूमा महिला, पुरुष र यौनिक अल्पसंख्यकको समान भूमिका निर्वाहप्रति सचेततापूर्वक पाठ्यसामग्रीको प्रस्तुति हुनुपर्छ ।

ii. परिवार, शिक्षा, पेसा, सामाजिक कार्य आदिमा महिला तथा पुरुषको समान भूमिका दर्शाउने हुनुपर्छ ।

iii. विशेष गरी लिङ्गलाई बोध गराउने शब्दहरू जस्तै हेडमास्टर, सभापति, चेअरमेन, मेनपावर आदि जस्ता शब्दहरूमा वैकल्पिक तथा रूपान्तरित शब्दहरू जस्तै प्राधानाध्यापक, सभाध्यक्ष, जनशक्ति जस्ता शब्दहरू प्रयोग गर्नुपर्छ ।

IV. कुनै जातजाति वा समुदाय, लिङ्ग, वर्ण, वर्ग, अवस्था, अपाङ्गता आदिको आधारमा कसैलाई लाञ्छना लाग्ने वा होच्याउने वा अप्रिय लाग्ने खालका पाठ, शब्द, उखान टुक्का, भनाइ आदि पाठ्यसामग्रीमा उल्लेख गर्नु हुँदैन ।

## (४) Type Setting

पाण्डुलिपिको सम्पादन कार्य समाप्त भएपछि Type Setting गर्ने काम हुन्छ । Type Setting पाण्डुलिपिमा राखिएका सामग्रीहरूलाई आकर्षक र उपयुक्त ढङ्गमा राख्ने प्रक्रिया हो । यसमा Text Margin, शीर्षक, उपशीर्षक तथा Text को Font Size, Line Space, Textअनुसार उपयुक्त स्थानमा चित्र (Illustration) आदि मिलेको हुनुपर्ने छ ।

## (५ ) Graphic Design and Layout

(१) ग्राफिक Design र Layout गर्दा देहायअनुसार गर्नुपर्ने छ :

(क) बाहिरी आवरण पृष्ठ (Cover) आकर्षक (Catchy) हुनुपर्छ ।

(ख) आवरण पृष्ठमा राखिने सामग्रीको छनोट समग्र पाठ्यपुस्तकको Value add गर्ने गरी गर्नुपर्छ ।

(ग) पाठ्यसामग्रीको आन्तरिक बनावट (Internal structure) आकर्षक र एकरूपता (Consistency) झल्कने हुनुपर्छ ।

(घ) पठन सामग्री पढ्न सरल बनाउने गरी Line Space, Margin, अनुच्छेदको अन्तराल तथा Font size को Layout गर्नुपर्छ ।

(ङ) पाठमा प्रयोग गरिने चित्र तथा रङ सान्दर्भिक, उपयुक्त र स्पष्ट हुनुपर्छ ।

(च) चित्र छनोट गर्दा स्पष्ट Caption सहित राख्नुपर्छ ।

## (६) विषय विशिष्टीकृत विषयवस्तुहरू

नेपाली, अङ्ग्रेजी, विज्ञान तथा अङ्क गणित विषयसँग सम्बन्धित अन्य विशिष्टीकृत विषयवस्तुहरूको सम्बन्धमा पाठ्यक्रम विकास केन्द्रको प्रकाशन शैलीअनुसार गर्नुपर्ने छ ।

(७) **पाठ्यसामग्रीका प्रारम्भिक पृष्ठहरू ( Obligatory and Preliminary Matters)**

Preface/Acknowledgement, Copy Right, ISBN, आवरण पृष्ठ, शीर्षक पृष्ठ, विषयसूची र अन्तिम पृष्ठ राख्नुपर्ने छ ।

(८) **पाठ्यसामग्रीको ढाँचा, साइज र पेज सङ्ख्या**

(क) पाठ्यपुस्तकको आवरण रङ्गीन र आकर्षक हुनुपर्ने छ ।

(ख) कक्षा १-३ को पाठ्यसामग्री ४ कलरको हुनु पर्ने छ र कक्षा ४-१२ को पाठ्य सामग्रीमा पाठ्यक्रम विकास केन्द्रको निर्देशनानुसार कलर प्रयोग गर्नुपर्ने छ ।

(ग) पाठ्यसामग्रीमा प्रारम्भिक पृष्ठपछि मूल पृष्ठ राखिनुपर्ने छ ।

(घ) मूल पृष्ठको ढाँचा विषयअनुसार फरक फरक हुन सक्ने छ । सामान्यतया विषयवस्तुको प्रस्तुतीकरण तथा व्यवस्थापन गर्दा क्रमशः पाठ, क्रियाकलाप, नयाँ शब्दार्थ, अभ्यास, परियोजना कार्य र माध्यमिक तहमा आवश्यकताअनुसार ग्रन्थसूची वा सन्दर्भसूची पनि राख्न सकिने छ ।

(ङ) प्रारम्भिक पृष्ठहरू अलग्गै राखिएको हुनुपर्ने छ । जसमा पृष्ठ सङ्ख्या हुँदैन । सङ्ख्या जनाउन छुट्टै सङ्केत प्रयोग गर्नुपर्ने छ ।

(च) केन्द्रले प्रकाशन गरेको सूचनाअनुसार पाठ्यसामग्रीको पेज सङ्ख्या हुनुपर्ने छ ।

(छ) विद्यालय स्तरका पाठ्यसामग्रीको साइज केन्द्रले तोकेअनुसार हुने छ ।

**प्रष्टीकरणः**

१. पाठ्यसामग्रीमा राखिने Summary ले विद्यार्थीको विश्लेषणात्मक, समालोचनात्मक र सिर्जनात्मक क्षमताको विकासमा ह्रास हुने भएकाले Summary पाठ्यसामग्रीमा राख्न हुँदैन ।

२. पाठ्यसामग्रीमा पाठ्यक्रम, विशिष्टीकरण तालिका तथा नमुना प्रश्नहरूको सेट राख्नु हुँदैन ।

अनुसूची १

## पाठ्यसामग्री मूल्याङ्कन फाराम

पाठ्यसामग्रीको नाम :

लेखकको नाम :

विषय :

प्रकाशक : कक्षा :

| क.सं. | पाठ्यसामग्री मूल्याङ्कन सूचक | छ (√) | छैन (X) | छैन भने पाठको नाम, पेज नं. र हरफ उल्लेख गर्ने |
|---|---|---|---|---|
| (क) | सिद्धान्त, उद्देश्य र सक्षमतामा आधारित | | | |
| १. | पाठ्यक्रमका आधारभूत दर्शन र सिद्धान्तमा आधारित भई विषयवस्तु छनोट, लेखन र प्रस्तुतीकरण गरेको | | | |
| २. | सिकाइ तहको स्तरीकरण (ज्ञान बोध प्रयोग र उच्च दक्षता) भएको | | | |
| ३. | पाठ्यवस्तु लेखन गर्दा सिकाइ सिँढी (Learning Ladder) लाई ध्यान दिएको | | | |
| ४. | सम्वन्धित पाठबाट सम्बोधन गर्न सकिने सक्षमता र सिकाइ उपलब्धि प्रस्तुत गरेको | | | |
| ५. | कार्यकलाप र उदाहरणहरू छनोट गर्दा सकेसम्म स्वदेशी एवम स्थानीय विषयवस्तु, परम्परागत तथा आधुनिक ज्ञान, सिप, प्रविधि पेशा, व्यावसाय र रोजगारीलाई प्राथमिकता दिएको | | | |

| क्र.सं. | पाठ्यसामग्री मूल्याङ्कन सूचक | छ (√) | छैन (X) | छैन भने पाठको नाम, पेज नं. र हरफ उल्लेख गर्ने |
|---|---|---|---|---|
| ६. | आवश्यकताअनुसार पाठको अन्त्यमा नयाँ शब्दको शब्दार्थ उल्लेख गरेको | | | |
| ७. | विषयवस्तु छनोट गर्दा पाठ्यक्रमले निर्धारण गरेको क्षेत्र, क्रम तथा विषयवस्तुको विस्तृतीकरण र सक्षमताका आधारमा विषयवस्तु छनोट र लेखन गरेको | | | |
| ८. | कक्षा र विषयअनुसार विद्यार्थीको सिर्जनात्मक क्षमता विकासका लागि समालोचनात्मक, खोजमूलक विषयवस्तु र परियोजना प्रयोगात्मक र सामुदायिक कार्यहरूको प्रस्तुतीकरण | | | |
| ९. | पाठ्यक्रमले तोकेअनुसार माध्यम भाषामा पाठ्यसामग्री लेखन गरेको | | | |
| १०. | पाठ लेखन तथा चित्राङ्कन गर्दा विषयवस्तुमा लैङ्गिक समता, समावेशिता र विविधता कायम गरेको | | | |
| ११. | पाठको अन्त्यमा सक्षमतामा आधारित सिकाइ उपलब्धि मापन गर्न सकिने विभिन्न प्रकार र तहका क्रियाकलाप तथा अभ्यास समावेश गरेको | | | |

| क्र.सं. | पाठ्यसामग्री मूल्याङ्कन सूचक | छ (√) | छैन (X) | छैन भने पाठको नाम, पेज नं. र हरफ उल्लेख गर्ने |
|---|---|---|---|---|
| १२. | पाठ्यसामग्री लेखन गर्दा तथ्यमा आधारित आधिकारिक विषयवस्तु उल्लेख गरेको | | | |
| १३. | विषयवस्तु र क्रियाकलाप प्रस्तुत गर्दा विद्यार्थीको सिकाइ अनुभवमा आधारित र पाठ्यक्रमले तोकेको समयसीमा भित्र कार्यान्वयन गर्न सकिने | | | |
| १४. | पाठ्यवस्तुले सूचना प्रविधिको प्रयोग गर्ने अवसरहरू प्रदान गरेको | | | |
| १५. | विद्यार्थीको समालोचनात्मक, खोजमूलक तथा सृजनात्मक क्षमताको विकास हुने पाठ्यवस्तुको प्रस्तुतीकरण | | | |
| १६. | सामाजिक, भौगोलिक, धार्मिक, सांस्कृतिक, भाषिक, क्षेत्रीयता, लिङ्ग, अपाङ्ता, जातजाति, राष्ट्रहित र राष्ट्रियता तथा अन्तर्राष्ट्रिय सम्बन्धमा खलल पुऱ्याउने खालका विषयवस्तु नराखिएको | | | छ भने पाठको नाम, पेज नं. र हरफ उल्लेख गर्ने |
| (ख) | भाषा तथा विषयवस्तु सम्पादन | | | |
| १ | शब्द ,शब्दार्थ, अनुच्छेद उमेर समूहअनुसार स्पष्ट, सहज, सरल र पठनीय भएको | | | |
| २ | पाठ्यसामग्रीमा विद्यार्थी अल्मलिने, | | | |

| क.सं. | पाठ्यसामग्री मूल्याङ्कन सूचक | छ (√) | छैन (X) | छैन भने पाठको नाम, पेज नं. र हरफ उल्लेख गर्ने |
|---|---|---|---|---|
| | बहु अर्थ लाग्ने र अस्पष्ट हुने शब्द, वाक्य तथा अनुच्छेदहरूको प्रयोग नभएको | | | |
| ३ | व्याकरण तथा हिज्जे शुद्धीकरण पाठ शीर्षक आदिमा एकरूपता भएको | | | |
| (ग) | **प्राविधिक पक्ष** | | | |
| १. | चित्र पाठसँग सान्दर्भिक, स्पष्ट र उपयुक्त भएको । | | | |
| २. | कक्षा स्तरअनुसार चित्रको वर्णन (caption) सरल, स्पष्ट र छोटो रूपमा उल्लेख गरिएको | | | |
| ३. | आवरण पृष्ठ **(Cover)** आकर्षक **(Catchy)** भएको | | | |
| ४. | आवरण पृष्ठबाट समग्र विषयवस्तुको प्रकृति **(Nature)** झल्काउन **(Visualize)** सक्ने गरी **design** गरिएको | | | |
| ५. | कक्षा १-३ को पाठ्यसामग्री ४ कलरको र कक्षा ४-१२ मा पाठ्यक्रम विकास केन्द्रको निर्देशनानुसार कलर प्रयोग भएको | | | |
| ६. | विषयवस्तुको प्रस्तुतीकरण तथा व्यवस्थापन गर्दा क्रमश : पाठ, क्रियाकलाप, नयाँ शब्दार्थ, अभ्यास, परियोजना कार्य र | | | |

| क्र.सं. | पाठ्यसामग्री मूल्याङ्कन सूचक | छ (√) | छैन (X) | छैन भने पाठको नाम, पेज नं. र हरफ उल्लेख गर्ने |
|---|---|---|---|---|
| | माध्यमिक तहको हकमा आवश्यकताअनुसार ग्रन्थसूची र सन्दर्भसूची राखिएको | | | |

अन्य केही थप सुझाव भए लेखुहोस् ।

मूल्याङ्नकर्ताको सिफारिस

१. ☐ समग्रमा थप पाठ्यपुस्तकको रूपमा स्वीकृति दिन उपयुक्त छ ।

२. ☐ थप संशोधनपश्चात् स्वीकृति दिन उपयुक्त छ ।

३. ☐ स्वीकृति दिन उपयुक्त छैन । (प्रमुख कारणहरू उल्लेख गरेको हुनुपर्ने छ । )

मूल्याङ्कनकर्ताको नाम थर र हस्ताक्षर

१.

२.

३.